# पकहाँ मैनपुर गाउँपालिका

## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट

## रातो किताब

प्रमाणिकरण मिति २०८१/०६/१३

पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पर्सा द्वारा प्रस्तुत

... गाउँपालिकाको १२ औं गाउँ सभा (आ.व. ...

... सभाका अन्य महत्वपुर्ण निर्णयहरु सर्व सहमतिले स्वीकृत गर्ने निर्णय गरियो ।

१. विभिन्न मन्त्रालय वा संघ संस्थाबाट आएको अनुदान रकममा यस गाउँपालिकाको सहभागिता बराबरको गाउँपालिकाको प्रतिबद्धता बमोजिम समपुरक कोषबाट खर्च हुने व्यवस्था सर्व सहमतीबाट निर्णय गरियो ।

२. पकहाँ मैनपुर गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयबाट समपुरक कोषको सञ्चालन गर्ने साथै समपुरक कोषको रकम खर्च हुन बाँकी रहेको खण्डमा गाउँ कार्यपालिकाको निर्णयको आधारमा आयोजना / कार्यक्रममा खर्च व्यवस्था सर्वसहमतीबाट निर्णय गरियो ।

३. पकहाँ मैनपुर गाउँपालिका अन्तरगत उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना/कार्यक्रममा तपसिल बमोजिम श्रमदान रहने व्यवस्था सर्वसहमतीबाट निर्णय गरियो ।

(क) माटोको काममा – कुल लागतको १५ %

(ख) ग्रेभलको काममा – कुल लागतको १२ %

(ग) सडक ढलान, नाला निर्माण, पक्की भौतिक संरचना निर्माण तथा अन्य कन्स्ट्रक्सन कार्यहरु – १० %

४. "चापाकल खरिद तथा वितरण" शिर्षकको, आयोजना कार्यान्वयन गर्दा चापाकल ड्रिलिङ तथा बेस ढलानको आवश्यक खर्च सम्बन्धित लाभग्राहीले व्यहोर्ने र गाउँपालिकाले चापाकल खरिद गरी चापाकल जडानको हुँदाका बखत चापाकलको सामग्रि लाभग्राहीलाई उपलब्ध गराउने व्यहोरा सर्वसहमतिले निर्णय गरियो ।

५. उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाको हकमा गाउँपालिकाले सम्बन्धित निकाय वा सरोकारवालालाई ... जारी गरी दिईएको समय सिमा भित्र उपभोक्ता समिति गठन भई गाउँपालिकामा सम्झौता गर्न नआएको ... गाउँपालिकाले अन्य प्रकियाबाट आयोजना सञ्चालन गर्न सक्ने व्यवस्था सर्वसहमतीबाट स्विकृत गरियो।

६. रु. दश लाख भन्दा बढीको लागतमा सञ्चालन हुने आयोजनाको हकमा सबैले स्पष्ट देखिने ठाउँमा आयोजना लागत रकम, सम्झौता मिति, सम्पन्न मिति, आयोजना सञ्चालक व्यक्ति/फर्म/संस्थाको नाम खुल्ने गरी होर्डिङ बोर्ड अनिवार्य रुपमा लगाउने व्यवस्था सर्वसहमतीबाट निर्णय गरियो ।

७. पकहाँमैनपुर गाउँपालिकामा बनेका पक्की घर संरचनाको अभिलेखिकरण गर्ने निर्णय सर्वसहमतीबाट पारित गरियो ।

८. पकहाँ मैनपुर गाउँपालिका अन्तर्गत व्यवसाय दर्ता कार्यलाई व्यवस्थित तरिकाले अगाडी बढाउँदै करको ... कम गरी करको दायरालाई फराकिलो बनाउँदै गुणस्तरीय कर प्रणाली लागु गर्ने निर्णय गरियो ।

९. गाउँपालिकाको प्रशासनिक कार्यलाई नियमित र व्यवस्थित गर्नका लागि आवश्यक कानुनको रुपमा "पकहाँमैनपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) विधेयक,२०८१" स्वीकृत गर्ने निर्णय गरियो ।

१०. पकहाँ मैनपुर गाउँपालिकामा १५ सैयाको आधारभुत अस्पतालको लागि आवश्यक प्रकृया पुरा गरी सरकारबाट बजेट माग गर्ने निर्णय गरियो ।



११. ... भएका गाउँ कार्यपालिकाको सबै निर्णयहरु तथा उक्त निर्णयको आधारमा भएका काम ... ... अनुमोदन गर्ने निर्णय गरियो ।

१२. सार्वजनिक बाटो, कुलो/पैनी तथा सार्वजनिक स्थल संरक्षणलाई कार्यमा सञ्चालित वडाको ... व्यक्तिहरुलाई प्राथमिकतामा राखी निशुल्क रुपमा जोताई परिचालन गर्ने र आवश्यकता/औचित्यका आधारमा ... समानुपातिक रुपले जोताई परिचालन गर्ने निर्णय गरियो।

१३. पकहाँ मैनपुर गाउँपालिकाको काम कारवाही प्रभावकारी रुपले सञ्चालन गर्नका लागि कर्मचारीलाई कार्यालयको काम प्रति उत्प्रेरित गर्न प्रोत्साहन स्वरुप कार्यालय समय बाहेक अतिरिक्त समयमा कार्यालयको काममा खटिने कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई शुरु तलब स्केलको ४० प्रतिशतका दरले र शाखा प्रमुखहरुलाई शुरु तलबको २५ प्रतिशतका दरले र अन्य सहायक स्तरका कर्मचारीहरुलाई शुरु तलब स्केलको २० प्रतिशतका दरले गाउँपालिकाको आन्तरिक श्रोतबाट मासिक प्रोत्साहन भत्ता (थप आर्थिक सुविधा) उपलब्ध गराउने निर्णय गरियो ।

१४. प्राविधिक शाखाका कर्मचारीहरुमध्ये कार्यालय समय बाहेक अतिरिक्त समयमा कार्यालयको काममा खटेको अवस्था, कार्यक्षमता र कार्य सम्पादनको प्रभावकारिताका आधारमा अधिकृत स्तरको प्राविधिक कर्मचारीलाई शुरु तलब स्केलको २५ प्रतिशत र सहायक स्तरको प्राविधिक कर्मचारीलाई शुरु तलब स्केलको २० प्रतिशतका दरले आन्तरिक श्रोत (कन्टेन्जेन्सी समेत) बाट मासिक फिल्ड भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१५. आयोजना/ कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षणको सन्दर्भमा अनुगमन तथा सुपरिवेक्षण समितिको संयोजकले निवेदन प्राप्त भएको मितिले १० (दश) दिनभित्र अनुगमन प्रतिवेदनमा आयोजना/कार्यक्रमको अनुगमन गरी हस्ताक्षर नगरेमा अनुगमन तथा सुपरिवेक्षण समितिको बहुमत सदस्यले हस्ताक्षर गरी पेश गरेको त्यस्तो अनुगमन प्रतिवेदनलाई मान्यता प्रदान गर्ने निर्णय गरियो ।

१६. प्रत्येक वडामा चिया खाजा नास्ताको लागि प्रशासनिक खर्च बापत मासिक रु. १०,०००।– दरले रकम उपलब्ध गराउँदै आएकोमा त्यसलाई निरन्तरता दिने निर्णय गरियो ।

१७. यस गाउँपालिका अन्तर्गत संचालित आयोजना/कार्यक्रमको अनुगमन लगायत गाउँपालिका कार्यालयको कार्य सम्पादनमा सहजता प्रदान गर्नका लागि एक वटा चारपाङ्ग्रे गाडी भाडामा राखे कार्यलाई चालु आ.व. २०८१/०८२ मा समेत निरन्तरता दिने र गाउँपालिकाको दैनिक आर्थिक, प्रशासनिक र जिन्सि शाखाको कार्यलाई सहजता प्रदान गर्न पर्सा जिल्लाको सदरमुकाम विरगंजमा आवश्यकता अनुसार भवन/फ्ल्याट भाडामा लिने निर्णय गरियो ।

१८. पकहाँ मैनपुर गाउँपालिकाको कुनै वडामा समेत कार्यक्षेत्र पर्ने प्रहरी चौकीहरुलाई १५/१५ लि. पेट्रोल र सशस्त्र प्रहरी बल तथा ईलाका प्रहरी कार्यालयलाई ३५/३५ लि. डिजेल मासिक रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

... का विनियोजन ऐनको अधिनमा रहि बजेट रकमान्तर तथा बजेट श्रोतान्तर गर्नुपर्ने अवस्था आएमा तपसिल बमोजिम गठन भएको "बजेट रकमान्तर तथा श्रोतान्तर समिति" बाट निर्णय भई आवश्यक बजेट रकमान्तर तथा बजेट श्रोतान्तर गर्न सकिने व्यहोरा सर्वसहमतिवाट निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| ग. प्र.प्र.अ. | - सदस्य |
| घ. गाउँपालिका अध्यक्षले तोकेको एक जना कार्यपालिका सदस्य | - सदस्य |
| ङ. आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

२०. पकहाँ मैनपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने र त्यसका आधारमा कर्मचारी व्यवस्थापन गर्ने निर्णय गरियो ।

२१. यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरुलाई शिक्षण कार्य प्रति उत्प्रेरित गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने उद्देश्यले तोकिएको मापदण्डका आधारमा विद्यालयहरुको पठनपाठन कार्यको मुल्यांकन गरी गाउँ शिक्षा समितिको निर्णयका आधारमा तपसिल वमोजिमको संख्यामा उत्कृत विद्यालयलाई पुरस्कृत गर्ने निर्णय गरियो।

तपसिल

क. आधारभुत तहको उत्कृष्ट एकवटा विद्यालयका सम्पुर्ण शिक्षक तथा कर्मचारीलाई प्रोत्साहन स्वरुप शैक्षिक भ्रमणको लागि अनुदान उपलब्ध गराउने।

ख. माध्यमिक तहको उत्कृष्ट एकवटा विद्यालयका सम्पुर्ण शिक्षक,तथा कर्मचारीलाई प्रोत्साहन स्वरुप शैक्षिक भ्रमणको लागि अनुदान उपलब्ध गराउने।

२२. पकहाँ मैनपुर गाउँपालिकाको यस बाह्रौं गाउँ सभाको तयारीमा अहोरात्र खट्ने पदाधिकारी/कर्मचारीहरुलाई थप एक महिना वरावरको सुविधा / तलव गाउँपालिकाको आन्तरिक श्रोतवाट उपलब्ध गराउने निर्णय गरियो।

२३. शिक्षाको गुणस्तरमा सुधार गर्न यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८१ र २०८२ गरी दुई शैक्षिक सत्रको लागि प्रत्येक प्रधानाध्यापकसँग निश्चित सुचकका आधारमा कार्यसम्पादन सम्झौता गर्ने र कार्यसम्पादनमा कमजोर देखिएका प्रधानाध्यापकको क्षमता विकासको लागि तालिम प्रदान गर्ने, कार्यसम्पादन करारको नतिजालाई प्रधानाध्यापकको सरुवा, बढुवाको लागि आधारको रुपमा लिने र कार्यसम्पादन सुधारको लागि आवश्यक अन्य कार्यहरु गर्ने निर्णय गरियो।

२४. गत आ.व. २०८०/०८१ मा यस गाउँपालिकावाट भएका सम्पुर्ण खर्चहरु अनुमोदन गर्ने निर्णय गरियो।

२५. यस गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा शिक्षक– विद्यार्थि अनुपात वमोजिम शिक्षक व्यवस्थापन गरी पठनपाठन कार्यलाई गुणस्तरीय वनाउने, सोका लागि दरवन्दि नपुग हुने विद्यालयहरुको लागि आवश्यकता अनुसार करार शिक्षक/स्वयंसेवक शिक्षक भर्ना गर्ने र रिक्त दरवन्दिमा पदपुर्ति नभएसम्म करारमा शिक्षक भर्ना गर्ने निर्णय गरियो।



... नेपालको संविधान ... देहाय बमोजिम पुनःगठन गर्ने ...

देहाय :

| | |
|---|---|
| क. गा.पा. उपाध्यक्ष श्री सरफुन नेशा | - संयोजक |
| ख. कार्यपालिका सदस्य श्री लालपरी देवी | - सदस्य |
| ग. कार्यपालिका सदस्य श्री नेक महम्मद मिया दर्जि | - सदस्य |

नेपालको संविधान, २०७२ को धारा २१८ वमोजिम गाउँपालिकाको कार्य संचालनको लागि यथाशिघ्र आवश्यक नियमावली निर्माण तथा गाउँपालिकाको वेरुजु फर्छ्यौटको लागि आवश्यक कानुन निर्माण गर्न गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

यस गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य स्वयं सेविकाहरुको मासिक प्रोत्साहन भत्तामा रु. २०००/- ले वृद्धि गरी रु. ५०००/- कायम गर्ने निर्णय गरियो ।

साविक स्थानिय निकायवाट स्थानीय तहमा समायोजन भएका स्थायी कर्मचारीहरुको लागि कर्मचारी कल्याण कोषको लघु अवकाश कोषमा रकम विनियोजन गर्ने र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ मा रहेको अवकाश कोष सम्वन्धि व्यवस्थामा उल्लेखित सेवासुविधाको व्यवस्थापन गर्नको लागि अर्को व्यवस्था नभएसम्मका लागि कर्मचारी संचयकोषको उपदान/निवृतिभरण व्यवस्था अनुरुप अवकाश कोषको रकम कर्मचारी संचय कोषमा जम्मा गर्ने निर्णय गरियो।

३०. "मर्मत संभार कोष"को रकम यस गाउँपालिका अन्तर्गतका पुर्वाधारहरुको मर्मत संभार कार्यमा आवश्यकता अनुसार खर्च गर्ने निर्णय गरियो ।

३१. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार, कार्यक्रम खर्च र विविध खर्च एवम् प्रशासनिक चालु प्रकृतिको खर्चको रकम कार्यालय प्रमुखको निर्णय वमोजिम कार्यालयको आवश्यकता अनुसार खर्च हुने तथा "मर्मत संभार कोष", "भैपरी चालु खर्च" र "भैपरी पुँजिगत खर्च" को रकम गाउँपालिका अध्यक्षको निर्णय अनुसारको आयोजना/कार्यक्रममा खर्च हुने व्यहोरा सर्वसहमतिले निर्णय गरियो ।

३२. "विपन्न आर्थिक सहयोग" शिर्षक र "विपद् व्यवस्थापन कोष" शिर्षकवाट आवश्यकता अनुसार रु. ५,०००/- सम्मको रकम लाभग्राहीलाई गाउँपालिका अध्यक्ष स्तरीय निर्णयवाट भुक्तानी हुने र रु.५,०००/- भन्दा वढी रकम भुक्तानी गर्नुपरेमा गाउँ कार्यपालिकाको निर्णयवाट भुक्तानी हुने व्यहोरा सर्वसहमतिवाट निर्णय गरियो ।

३३. गत आ.व. २०८०/०८१ मा भुक्तानी हुन वाँकी कच्चेवारी (म.ले.प.फा.नं. २२१) मा समावेश भएका खर्चहरुमध्ये चालु प्रकृतिका खर्चहरु सम्वन्धित शिर्षकवाट भुक्तानी हुने र पुँजिगत प्रकृतिका खर्चहरु भैपरी पुँजिगत शिर्षकवाट आयोजना/कार्यक्रमगत रुपमा विनियोजन गरी खर्च गर्ने गरी म.ले.प.फा. नं. २२१ मा संलग्न खर्चहरु स्वीकृत गर्ने निर्णय गरियो ।

३४. यस १२ औ गाउँ सभामा सहयोग गर्ने गाउँपालिकाको पदाधिकारी, कर्मचारी, नागरिक समाज, वुद्धिजिवि, संचार कर्मि,समाजसेवी लगायत सम्पुर्ण गाउँवासी प्रति हार्दिक धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

३५. जिल्ला पर्सा साविक गाविस लहावरथकरी वडा नं. ७ सिट नं. ३३८-०९ कित्ता नं ८७ क्षेत्र० ,१९७६.२५ व.मि. को सार्वजनिक जग्गा जालझेल गरी हेमन्ति देविले आफ्नो नाममा जग्गा नामसारी रजिष्ट्रेशन पास गराइ लालपुर्जा समेत लिएकोमा उक्त सार्वजनिक पोखरीको जग्गा दर्ता/रजिष्ट्रेशन बदर गरी नेपाल सरकारको नाममा कायम गर्न आवश्यक प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

३६. यस गाउँपालिका अन्तर्गत मुल सडकवाट ५ फिट र सहायक सडकवाट ३ फिट छोडेर घर नक्सा पास गराउने र घर वनाउने व्यवस्था कडाइका साथ लागु गर्ने निर्णय गरियो ।

३७. गाउँपालिका अन्तर्गत सडक अतिक्रमण कार्य रोक लगाउने तथा सडकमा घरायसी कार्य नगरी सडक खाली राख्ने व्यवस्था कडाइका साथ लागु गर्ने निर्णय गरियो ।

३८. गाउँपालिका अन्तर्गत रहेका सार्वजनिक पोखरीमध्ये ठेक्का गर्न बाँकी रहेका सार्वजनिक पोखरीको यथाशीघ्र ठेक्का प्रकृया अगाडी वढाउने र ठेक्का भएका सार्वजनिक पोखरीको किस्ता रकम नियमित रुपले असुल उपर गर्ने निर्णय गरियो ।





